# लोक सेवा आयोग

## नेपाल लेखापरीक्षण सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको
## खुला प्रतियोगितात्मक लिखित परीक्षा

मितिः- २०८०।१०।२०

समयः ३ घण्टा | पत्रःद्वितीय | पूर्णाङ्कः- १००

बिषयः सेवा सम्बन्धी

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

१. नेपालले अवलम्बन गरेको संघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्थाको एउटा महत्वपूर्ण क्षेत्र वित्तीय संघीयता हो। तीन तहका सरकारबीच प्राकृतिक श्रोतसाधन तथा वित्तीय साधनको बाँडफाँटको आधार तय गर्ने, राजश्वका श्रोत, खर्चको आवश्यकता, विकासको अवस्थाका आधारमा श्रोत परिचालनमा परामर्श दिने संवैधानिक निकायको रुपमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग रहेको छ। आयोगको सिफारिसमा संघबाट प्रदेश र स्थानीय तह, प्रदेशबाट स्थानीय तहमा जाने विभिन्न अनुदान र राजश्व बाँडफाँटको रकम तय हुँदै आएको छ।
यस प्रसङ्गमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको जिम्मेवारीका साथै कार्यसम्पादनमा अवलम्बन भएका विधि र प्रकृयाको चर्चा गर्नुहोस्। यस संस्थालाई थप प्रभावकारी बनाउन के कस्ता सुधारका आवश्यक देख्नुहुन्छ ? सुधार कार्ययोजनासमेत प्रस्तुत गर्नुहोस्। 15

२. नेपालमा वैदेशिक सहायता पूँजी निर्माण एवम् उत्पादक क्षेत्रमा लगानी गर्ने गरी लिइने व्यवस्था रहेको छ। नेपाल सरकारले वैदेशिक सहायता परिचालन नीतिसमेत कार्यान्वयनमा ल्याएको छ। वैदेशिक सहायता राष्ट्रिय प्रणाली मार्फत् खर्च गरिनुपर्ने र सो को लेखापरीक्षण महालेखापरीक्षकबाट हुनुपर्ने मान्यता रहे बमोजिम महालेखापरीक्षकले वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूको लेखापरीक्षण गर्दै आएको छ। वैदेशिक सहायताको लेखापरीक्षण गर्दा दातृ संस्था एवं निकायको शर्त तथा आवश्यकताहरू (Requirements) लाई पनि ख्याल गर्नु पर्दछ।
यस बिषयलाई दृष्टिगत गरी लेखापरीक्षणलाई व्यवस्थित एवं गुणस्तरीय बनाउन महालेखापरीक्षकबाट निर्देशिका समेत जारी भएको सन्दर्भमा नेपालमा वैदेशिक सहायता नीति तथा कानूनी व्यवस्थाको कार्यान्वयन अवस्थाको विवेचना गर्नुहोस्। वैदेशिक सहायताको लेखापरीक्षण योजना तर्जुमा र कार्यान्वयनको प्रचलनलाई ध्यानमा राखी यस बिषयमा हाल देखिएका समस्या एवं चुनौतीहरु उल्लेख गर्दै सुधारका निम्ति सुझाब प्रस्तुत गर्नुहोस्। 20

३. नेपालमा सार्वजनिक खरिद व्यवस्थापनको लागि सार्वजनिक खरिद ऐन र नियमावली कार्यान्वयनमा रहेका छन्। खरिद प्रकृयालाई नियमित, व्यवस्थित र समयानुकूल बनाउन पटकपटक ऐन तथा नियमावलीमा संशोधन हुँदै आएको छ। ऐनको प्रस्तावनामा सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहीता, विश्वसनीयता एवं सहभागितामूलक हुने उल्लेख गरिएको छ। सार्वजनिक खरिदलाई व्यवस्थित बनाउन आवश्यक कानूनी व्यवस्था रहेको भए पनि सार्वजनिक खरिद कार्य तोकिएको समय, लागत र गुणस्तरमा पुरा हुन सकिरहेको पाइदैन।
यस सम्बन्धमा विद्यमान सार्वजनिक खरिद प्रक्रियामा रहेका समस्या र कारणहरु पहिचान गर्नुहोस्। साथै ती समस्याहरुलाई सम्बोधन गर्न कस्तो सुधारको आवश्यकता देख्नुहुन्छ ? समाधानको लागि व्यवहारिक सुझाबसहितको कार्ययोजना तयार गर्नुहोस्। 20

४. प्रतिनिधि सभाका विभिन्न संसदीय समिति र उपसमितिमा जस्तै सार्वजनिक लेखा समिति (Public Accounts Committee) मा पनि सांसदहरू मध्येबाट सभापति, उपसभापति, संयोजक र सदस्य तोकिई सार्वजनिक लेखा समिति गठन हुने गरेको छ। सोही अनुसार समितिहरूको काम कारवाही समितिका कार्यविधि अनुसार अगाडि बढ्ने गर्छ। सार्वजनिक लेखा समिति र महालेखापरीक्षकको कार्यालयबीचको सहकार्य र अन्तरसम्बन्ध बढाउन एक आपसमा आवश्यकता अनुसार अन्तरक्रिया समेत

हुने गरेको छ । उक्त समितिले खासगरी सार्वजनिक लेखा र महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमाथि छलफल, अध्ययन, निर्माण र निर्देशनको कार्य पनि संसदीय नियमावली अनुसार सञ्चालन गर्दै आएको छ । सार्वजनिक लेखा समितिबाट भएको निर्णय अनुसार बेरुजु फछर्यौट सम्बन्धी काम कारवाही गरी महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउने उत्तरदायित्व सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुन्छ । महालेखापरीक्षकको ६०औं वार्षिक प्रतिवेदनमा लेखा उत्तरदायी अधिकृतले नियम अनुसार नियमित गरी लगत कट्टाको अनुरोध भएको तथा सार्वजनिक लेखा समितिबाट भएको निर्णयको क्रमशः ७ र १० दिनभित्र लगत कट्टा गरी जानकारी दिनुपर्ने प्रावधान रहेको छ । यो व्यवस्था लेखापरीक्षण ऐनसँग बाझिएको देखिन्छ । साथै, सार्वजनिक लेखा समितिबाट महालेखापरीक्षकबाट हुने सम्परीक्षणको सम्बन्धमा प्रश्न उठेकाले सरकारको सम्परीक्षण कार्य रोकिएको अवस्था छ ।

यस सन्दर्भमा निम्न प्रश्नहरुको उत्तर दिनुहोस् । 8+12=20

क) नेपालको सार्वजनिक निकायहरुमा बेरुजु बढ्दै जानु र सम्परीक्षण कार्य रोकिनाले सुशासन कायम गर्नमा के कस्तो असर पर्न गएको छ ? विश्लेषण गर्नुहोस् ।

ख) माथि उल्लिखित विवाद आउनुका कारणहरु उल्लेख गर्दै लेखापरीक्षण एवं सम्परीक्षणको अवधारणा र सिद्धान्त तथा अन्तराष्ट्रिय अभ्यास समेतका आधारमा उक्त विवादलाई के कसरी निरुपण गर्नुपर्ला ? व्यवहारिक सुझाब दिनुहोस् ।

५. मुलुकको सार्वजनिक आर्थिक प्रशासनमा नियमितता, पारदर्शीता र जवाफदेहीता प्रवर्द्धन गर्दै वित्तीय सुशासनमा सघाउ पुर्‍याउन स्वतन्त्र संवैधानिक निकायको रुपमा महालेखापरीक्षकको कार्यालय रहेको छ । मुलुक संघीय संरचनामा गए पश्चात् महालेखापरीक्षकको कार्यक्षेत्र समेत संघ, प्रदेश र स्थानीय तहसम्म विस्तार भएको छ । यस कार्यालयको कर्मचारी दरबन्दी सोही अनुसार बढोत्तरीसमेत भएको अवस्था छ । सरोकारवालाहरुको अपेक्षा समेत यस कार्यालयप्रति बढ्दो अवस्थामा छ । तीनवटै तहको सरकारको आर्थिक कारोवार लगायतका क्रियाकलापको समयमै लेखापरीक्षण सम्पन्न गरी गुणस्तरीय र विश्वसनीय लेखापरीक्षण प्रतिवेदनका माध्यमबाट संस्थाको छवि उकास्नुपर्ने चुनौती एकातिर छ भने लेखापरीक्षण व्यवस्थापनलाई समेत प्रभावकारी बनाउनुपर्ने अवस्था छ । यस परिस्थितिमा महालेखापरीक्षक समक्ष कार्यालयको मौजुदा रणनीतिक योजनामा सुधार एवं परिमार्जन गर्न आवश्यक देखिएको छ । वर्तमान रणनीतिक योजना (२०२१-२०२५) लाई अद्यावधिक गर्न महालेखापरीक्षकको कार्यालयको सबल (Strength) पक्ष, कमजोर (Weaknesses) पक्ष, अवसर (Opportunities) र चुनौती (Threats) हरूको विश्लेषण गर्दै कमजोर पक्षमा सुधार तथा चुनौती सामना गर्न चाल्नुपर्ने कानूनी एवं व्यवहारिक कदमका बारेमा मौलिक प्रस्तुतिकरण दिनुहोस् ।

15+10=25

««« समाप्त »»»